**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख १८ गते**
सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय,डोटीका अनुसार वैशाख १८ गतेसम्म २ हजार ८ सय ५२ जनाको पीसिआर नमूना सङ्कलन गरीएकोमा २ हजार ७ सय ९५ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको र पाँच जनामा कोरोना सङ्क्रमण देखिएको छ । सङ्क्रमित पाँच जनामध्ये चार जना निको भई घर फर्किएका छन् । ५२ जनाको पीसिआर नमूना परीक्षण रिपोर्ट आएन बाँकी रहेको छ । यसैगरी १३ हजार ५ सय ८४ जनाको र्‍यापिड डाइग्नोष्टिक टेष्ट ( आरडिटी ) नमूना सङ्कलन गरिएकोमा १३ हजार ५ सय ७४ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको र १० जनाको आरडिटी रिपोर्ट पोजेटिभ आएको छ । आरडिटी रिपोर्ट पोजेटिभ आएका १० जनाको पीसिआर परीक्षण गर्दा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । स्वास्थ्य निर्देशनालय,डोटीका अनुसार सुदूरपश्चिम प्रदेशमा ३ सय ८० ओटा क्वारेन्टाइन स्थानमा ७ हजार ८ सय ३४ बेड सङ्ख्या रहेका छन् । वैशाख १८ गतेसम्म ३ सय ८ महिला र १ हजार ४ सय ६८ जना पुरुष गरी १ हजार ७ सय ७६ जना क्वारेन्टाइनमा बस्दै आएका छन् । सुदूपश्चिम प्रदेशको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा आइसियु बेड संख्या १० ओटा र महाकाली अस्पतालमा चार गरी १४ ओटा रहेका छन् भने सेती प्रादेशिक अस्पतालमा ६ ओटा र महाकाली अस्पतालमा दुई ओटा गरी आठ ओटा भेन्टिलेटर रहेका छन । सुदूरपश्चिम प्रदेशमा १ सय ५४ ओटा आइसोलेसन बेड रहेकोमा वैशाख १८ गतेसम्म तीन जना बिरामीहरु आइसोलेसनमा रहेका छन् भने १ सय १४ जना बिरामी आइसोलेसनबाट डिस्चार्ज भएका छन् ।
लकडाउनका कारण भारतको धार्चुलामा अलपत्र परेका १ हजार २ सय ९० जनाको सदरमुकाम खलंगा र दत्तु नाका भएर वैशाख १८ गते उद्धार गरिएको छ । जिल्ला प्रशासन कार्यालय , दार्चुलाका अनुसार सदरमुकाम खलंगा नाका भएर ३ सय ७६ र दत्तु नाका भएर ९ सय १४ जनाको उद्धार गरिएको छ । एक महिनादेखि धार्चुलाका पाँच ओटा क्वारेन्टाइन र होम क्वारेन्टाइनमा रहेका दार्चुलासहित १२ जिल्लाका नागरिकको उद्धार गरिएको छ । प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलका अनुसार उद्धार गरिएकाहरुमा दार्चुलाका ३ सय ११ जना, बैतडीका ४ सय ७४ जना, बझाङका २ सय ८३ जना, अछामका ५० जना, कैलालीका १ सय २ जना, डोटीका दुई जना, डडेल्धुराका २१ जना, दैलेखका दुई जना, सुर्खेतका तीन जना, हुम्लाका एक जना , कालीकोटका तीन जना र कञ्चनपुरका २१ जना रहेका छन् । उद्धार गरिएका दार्चुला,बैतडी र बझाङ जिल्लाका अधिकाङ्स व्यक्तिहरुलई सम्बन्धित स्थानीय तहमा पठाइएको र बाँकी रहेका व्यक्तिहरुलाई वैशाख १९ गतेसम्म सम्बन्धित स्थानीय तहको जिम्मा लगाउने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनु भएको छ । । उद्धारा गरी सम्बन्धित स्थानीय तहमा पठाउन नसकिएका व्यक्तिहरुलाई महाकाली नगपालिकाले निर्माण गरेको महेन्द्र नमूना मावि खलंगाको क्वारेन्टाइनमा राखिएको प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ छ ।
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख १८ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढीका संयोजक तथा सुदूरपश्चिम प्रदेश मानव अधिकार अवस्था अनुगमन समितिका सदस्य खडकराज जोशी लगायतको मानव अधिकारकर्मीको टोलीले वैशाख १७ गते सुदूरपश्चिम

प्रदेशका मुख्यामन्त्री त्रिलोचन भट्टलाई भेटी कोरोना भाइरसको सङ्क्रमणको रोकथाम र नियन्त्रणका लागि प्रदेश सरकारले गरेका कार्यहरुका बारेमा जानकारी लिनुका साथै प्रदेश सरकारले रातह वितरणका लागि दिएको बजेटलाई  व्यवस्थित तथा पारदर्शी बनाउनका लागि आग्रह गरेको छ । भेटघाटका क्रममा भारतीय नाकामा अलपत्र परेका नेपाली नागरिकहरुको उद्धार तथा व्यवस्थापन गर्न, लकडाउनका समयमा भारतीय सीमाबाट आयत भइरहेको अखाद्य बस्तुहरुको रोकथाम गर्न, कृषकहरुले उत्पादन गरेको हिउदेबालीहरु क्रमसः गहुँ, मसुरोलगायत कुषीजन्य  उत्पादित बस्तुहरुको सहज भण्डारण र बिक्री वितरणको व्यवस्थापन गर्न र वर्षेबाली लगाउनका लागि कृषकहरुलाई चाहिने बिउ, बिजन, सिंचाई, मलखाद सहजरुपमा आपूर्ति गर्नका लागि मुख्यमन्त्रीको ध्यानकर्षण गरिएको इन्सेक सुदूरपश्चिम प्रदेशका संयोजक खडकराज जोशीले बताउनु भयो । मुख्यमन्त्रीसँगको भेटघाट कार्यक्रमलगत्तै मानव अधिकारकर्मीको टोलीले कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहरालाईको पनि मानव अधिकारका सवाल र त्यसको सम्वोधनका लागि ध्यानकर्षण गरिएको संयोजक जोशीको भनाइ छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** लकडाउनका कारण भारतको धार्चुलामा अलपत्र परेका १ हजार २ सय ९० जनाको सदरमुकाम खलंगा र दत्तु नाका भएर वैशाख १८ गते उद्धार गरिएको छ । जिल्ला प्रशासन कार्यालय दार्चुलाका अनुसार सदरमुकाम खलंगा नाका भएर ३ सय ७६ र दत्तु नाका भएर ९ सय १४ जनाको उद्धार गरिएको छ । एक महिनादेखि धार्चुलाका पाँच ओटा क्वारेन्टाइनमा र होम क्वारेन्टाइनमा रहेका दार्चुलासहित १२ जिल्लाका नागरिकको उद्धार गरिएको हो । प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले दिएको जानकारी अनुसार दार्चुलाका ३ सय ११ जना, बैतडीका ४ सय ७४ जना, बझाङका २ सय ८३ जना, अछामका ५० जना, कैलालीका १ सय २ जना, डोटीका दुई जना, डडेल्धुराका २१ जना, दैलेखका दुई जना, सुर्खेतका तीन जना, हुम्लाका एक जना , कालीकोटका तीन जना र कञ्चनपुरका २१ जना रहेका छन् ।
उद्धार गरिएका दार्चुलाका,बैतडी र बझाङका अधिकाङ्स व्यक्तिहरुलई सम्बन्धित स्थानीय तहमा पठाइएको र बाँकी रहेका व्यक्तिहरुलाई वैशाख १९ गतेसम्म सम्बन्धित स्थानीय तहमा जिम्मा लगाउने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनु भयो । उद्धारा गरी सम्बन्धित स्थानीय तहमा पठाउन नसकिएका व्यक्तिहरुलाई महाकाली नगपालिकाले निर्माण गरेको महेन्द्र नमूना मावि खलंगाको क्वारेन्टाइनमा राखिएको प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ छ ।
कैलाली जिल्ला भजनी नगरपालिका - ४ का दलबहादुर बुढा एक महिनासम्म भारतीय क्वारेन्टाइनमा बसेपछि वैशाख १७ गते स्वदेश फर्किनुभएको छ । रोजगारी खोज्न भारतका कालापहाडमा गएका बुढासँगै एक महिनादेखि धार्चुला भारतमा क्वारेन्टाइन बसेका सबै नेपाली स्वदेश फर्किएका हुन् ।
३४ दिन भारतको क्वारेन्टाइनमा दुख कष्ट सहेर स्वदेश फर्किएका नेपाली आफ्नो गाउँमा आउन पाएकोमा निकै खुसी छन् । "ढिलो गरी आफ्नो जन्मभुमी आउन पाउँदा पनि भारतमा खेप्नुपरेको कष्ट भुलेका छौं," दलबहादुर बुढाले भन्नुभयो, "आफ्नै जन्मभुमी र आफ्नो गाउँ फर्किन पाउँदाको खुसीको सीमा छैन् ।"
भारतमा रहेका मजदुरहरु स्वदेश आएसँगै आफ्नो गाउँसम्म पुर्‍याउनु पर्ने बताउनुहुन्छ, शुक्लाफाटा नगरपालिका- १० का मनोज पार्की । "सरकारले उद्धार गर्‍यो अब घरपरिवार भेट्न चाहन्छौँ ।" गत मङसिर महिनामा भारतमा मजदुरी गर्न गएका मनोज अब भारतभन्दा आफ्नै भूमिमा काम गर्ने बताउनुहुन्छ ।

अप्ठ्यारो परेको बेला आफ्नै देशको भूमी प्यारो छ । भारतमा गएर गाली गलौच खानु शिवाय केहि छैन् । एक महिना क्वारेन्टाइन बस्दा भोगेको समस्या भनेर साध्य छैन् भन्छन विक । उनीहरुकले निरन्तर आफ्नो समस्या सञ्चार माध्यममा दिएकै कारण सरकारले भारतबाट उद्धार गर्ने निर्णय गरेको हो ।
वैशाख १७ गते दार्चुला जिल्लाका दुई ओटा नाकाहरु दत्तु र खलंगा तथा बैतडीको झुलाघाट नाका भएर नेपालीको उद्धार गरिएको छ । सदरमुकाम खलंगाको  पुलघाँटबाट आएकाहरुलाई महेन्द्र नमूना मावि खलंगा र दत्तुमै  स्वास्थ्य चेकजाँच गरिएको छ । स्वास्थ्य चेकजाँचपछि अधिकाङ्शलाई घर पठाइएको प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले बताउनु भयो ।
बैतडी बझाङ र दार्चुलाका विभिन्न स्थानीय तहका व्यक्तिहरुलाई सम्बन्धित स्थानीय तहकै क्वारेन्टाइनमा व्यवस्थापन गर्ने गरी पठाइएको उहाँले बताउनुभयो ।
भारतको पिथौरागढ अन्तर्गत धार्चुलामा दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ, डोटी, कैलाली, कञ्चनपुर, अछाम, दैलेख, सुर्खेत लगायतका जिल्लाका मजदुरहरु रहेका थिए ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले कञ्चनपुरको कृष्णपुर नगरपालिकालाई खाद्य सामग्री हस्तान्तरण गरेको छ । विश्वभरी महामारीको रुपमा फैलिएको  कोराना भाइरस (कोभिड-१९ को सङ्क्रमण र त्यसको रोकथामका लागि सरकारले जारी गरेको लकडाउनका क्रममा समस्यामा परेका नागरिकहरुलाई राहत सहयोग पुऱ्याउने उद्धेश्यले वैशाख १८ गते नगरपालिकाको कार्यालयमा उक्त खाद्यान्न हस्तान्तरण गरिएको हो ।
इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालयद्धारा,कञ्चनपुर जिल्लामा सञ्चालित कियोस परियोजना अन्तर्गत कोरोना भाइरसको सङ्क्रमण रोकथामका लागि सरकारले जारी गरेको लकडाउनका क्रममा प्रभावित अतिविपन्न १५ परिवारका लागि खाद्य सामग्री हस्तान्तरण गरिएको हो ।
इन्सेक सुदुरपश्चिम प्रदेश कार्यालय, धनगढीका संयोजक खडकराज जोशीले ३ सय ५० केजी चामल, ३० केजी दाल,तीन पेटी तेल, ३० केजी नुन, ३० केजी चिनी र ३० थान साबुन सहयोगस्वरुप कृष्णपुर नगरपालिकाका प्रमुख कर्णबहादुर हमाललाई हस्तान्तरण गर्नु भएको छ ।
प्रदेश संयोजक जोशीले कोरोना भाइरस संक्रमण रोकथामका लागि सबैको भूमिका महत्वपूर्ण रहेको र स्थानीय तहसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिदै स्थानीय तहमा शिक्षा, स्वास्थ्य, खाद्य र आवास अधिकार संरक्षणको लागि सहयोगात्मक भूमिका निर्वाह हुँदै जाने बताउनु भयो ।
इन्सेक सुदुरपश्चिम प्रदेश कार्यालय अन्तर्गत कियोस परियोजना सञ्चालनमा रहेका दुई ओटा स्थानीय तहहरूमा मानव अधिकार निगरानी समूहको सहकार्यमा सहयोग सामग्री प्रदान गरिने प्रदेश कार्यालयका कार्यक्रम फोकल पर्सन राजकुमार चौधरीले बताउनु भयो ।
खाद्य सामग्री हस्तान्तरण कार्यक्रममा कृष्णपुर नगरपालिका नगर प्रमुख कर्णबहादुर हमालले इन्सेकको सहयोगले ठूलो टेवा पुगेको बताउनु भयो ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** बान्नीगढी जयगढ गाउँपालिकाका विभिन्न वडाका २१ जनालाई क्वारेन्टाइनमा राखिएको छ । लकडाउन अवधिमा जिल्ला बाहिरबाट आएका व्यक्तिलाई गाउँपालिकाको वडामा रहेका विद्यालयमा निर्माण गरिएका क्वारेन्टाइनमा राखिएका छन् । धनगढीबाट फर्किएका बान्नीगढी जयगढ गाउँपालिकाका -२ का पाँच जना,  वडा नम्बर ३ का सात जना, वडा नम्बर ४ र ६ का चार/चार जना रहेको गाउँपालिका अध्यक्ष राजेन्द्रबहादुर खड्काले

जानकारी दिनुभयो । केही दिन अगाडि धनगढीबाट आएका उनीहरुलाई वडाले व्यवस्थापन गर्ने गरी वडा अध्यक्षको जिम्मा लगाइएको अध्यक्ष खड्काको भनाइ छ । होम क्वारेन्टाइन भन्दा क्वारेन्टाइनमा बढी सुरक्षित हुने भएकोले वडाका क्वारेन्टाइनमा राखिएको वडा नम्बर ३ का वडा अध्यक्ष कुलबहादुर सेट्टीले जानकारी दिनुभयो । क्वारेन्टाइनमा राखिएका व्यक्तिलाई २१ दिनपछि परीक्षणपश्चात घर पठाइएको छ । उक्त गाउँपालिकाका सातजनालाई यसअघि १४ दिन क्वारेन्टाइनमा राखेर परीक्षणपश्चात कोरोना नभएको पुष्टीपछि घर पठाइ सकिएको छ ।
लकडाउनका कारण धनगढीमा अध्ययनरत रहेका ३१ जना विद्यार्थी अलपत्र परेको भन्दै मेल्लेख गाउँपालिकाले खाद्य सामग्री राहतस्वरुप प्रदान गरेको छ । लकडाउनमा खाद्यान्न अभाव भएका अध्ययनरत प्रतिविद्यार्थी साढे १२ किलो चामल, दुई किलो दाल, एक पोका तेल र एक किलो नुन विद्यार्थी अगुवा मोहन साउँदको सक्रियतामा विद्यार्थी बसेकै स्थानमा उपलब्ध गराइएको छ । आफ्नो क्षेत्रका नागरिक कुनै नेपालभित्र र बाहिर भएपनि भोकभोकै रहन नदिने गाउँपालिका अध्यक्ष लोकबहादुर बोहराको भनाइ छ । गाउँपालिकाले यसअघि भारतमा अलपत्र रहेका नागरिकलाई खाद्यन्न उपलब्ध गराएको थियो ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि रमेश केशीका अुनसार** वैशाख १३ गतेयता १ हजार २ सय जना जिल्ला बाहिरबाट भित्रिएका छन् । स्थानीय सरकारको पहलमा उनीहरु जिल्ला भित्रिएका हुन् । काठमाडैं, धनगढीलगायतका शहरमा पढाई तथा कामकाज र रोजगारीको सिलसिलामा रहेकाहरु वैशाख १२ गतेबाट विभिन्न यातायातका साधनमार्फत जिल्ला भित्रन सुरु गरेका थिए । जिल्ला प्रशासनको तथ्याङ्क अनुसार वैशाख १२ गते २३ जना, १३ गते ९८ जना, १४ गते २ सय ४३ जना, १५ गते २ सय ३६ जना, १६ गते ३ सय ७३ जना र १७ गते २ सय २७ जना गरी १ हजार २ सय जना जिल्ला भित्रिएका हुन् ।
जिल्ला भित्रिएकामध्ये १ सय ८६ जना मात्रै क्वारेन्टाइनमा बसेको जिल्ला प्रशासनले जनाएको छ । हाल वित्थडचिर गाउँपालिकामा १२ जना, बुंगल नगरपालिकामा १८ जना, छबिसपाथिभेरा गाउँपालिकामा १ सय ९ जना, साइपाल गाउँपालिकामा नौ जना र मष्टा गाउँपालिकामा ३१ जना क्वारेन्टाइनमा रहेका छन् । थलारा गाउँपालिका, जयपृथ्वी नगरपालिका, खप्तडछान्ना गाउँपालिका, सुर्मा गाउँपालिका, केदारस्युँ गाउँपालिका र दुर्गाथली गाउँपालिकाले बाहिरबाट आएका एक जनालाई पनि क्वारेन्टाइनमा राख्न नसकेको प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेले बताउनु भयो ।
उहाँले भन्नु भयो- 'जिल्ला विपद व्यवस्थापन समितिले निर्णय गरेको छ । हामीले अनुरोध मात्र गर्ने हो कार्यन्वयन गर्ने गराउने त जनप्रतिनिधि हुन् । मैले पनि सुने आएकाहरुले क्वारेन्टाइनमा बस्न नमानेपछि होम क्वारेन्टाइनमा बस्ने सहमतिमा छोडिएको छ ।'
जनप्रतिनिधि पनि सक्रिय नभएको र धेरैले घरमै गएर होम क्वारेन्टाइनमा बस्ने भनेपछि छोडिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी गणेश बमले बताउनु भयो ।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** बुढीगंगा नगरपालिका - ९ स्थित त्रिशक्ती माविको क्वारेनटाइनमा बसेका १८ जना व्यक्तिहरुले आफूहरुले कुहिएको चामल खानु परेको गुनासो गरेका छन् ।
चामलको बोरामा उत्पादन मिति सन् २०१७ फेब्रोरी लेखिएको र उक्त चामल एक वर्षसम्म खान मिल्ने भएपनि आफूहरुलालाई म्याद सकिएको चामल दिइदै आएको क्वारेन्टाइनमा बस्दै आएका शिक्षक हिरेन्द्र कुँवरले बताउनु भयो ।

उहाँले भन्नु भयो -‘आफुहरु क्वारेन्टाइनमा बसेको १२ दिन भयो । क्वारेन्टाइनमा बसेको दिनदेखि आफूहरुलाई कुहिएको चामल दिइएको रहेछ । आजमात्रै थाहाँ हुन आयो ।
आफूहरुलाई दिएको चामल पकाउदा भात कालो भएको र यसभन्दा आगाडी खाना खाने बित्तिकै उल्टीसमेत गरेको क्वारेन्टाइनमा बस्दै आएका दिनेश जोशीले बताउनु भयो ।
उहाँले भन्नु भयो -‘चामल पकाउदा भात कालो भएपछि चामलको बोरामा हेर्दा उत्पादन मितिनै सकिएको पाइयो ।’
क्वारेन्टाइनमा बस्दै आएका हिरेन्द्र कुँवरले आफूहरुले सधै कुहिएको चामल खाँदै आएको थाँहा नपाए पनि क्वारेन्टाइनमा नयाँ समुह बस्न आएपछि मात्रै चामल कुहिएको थाँहा हुन आएको बताउनु भयो ।
चामलको बोरामा उत्पादन मिति २०१७ लेखिएको भएपनि मार्करले २०२० लेखिएको भिष्मराज जैशीले बताउनु भयो ।
उहाँले भन्नु भयो -‘१८ जनाको समुह एकै कोठामा वैशाख १६ गतेदेखि राखिएको छ । दुई सिरक र तीन कम्मलले काम चलाइरहेका छौं । क्वारेन्टाइन भित्र बाल्नका लागि बत्ति माग्दासमते दइएको छैन् । स्वास्थ्यकर्मी र जनप्रतिनिधिलाई खबर गर्दा सकैले  वास्ता गरेका छैनन् ।’
बुढीगंगा नगरपालिका वडा नम्बर ९ का अध्यक्ष भरत थापाले क्वारेन्टाइन दिइएको चामल म्याद सकिएको स्वीकार गर्नुभयो ।
उहाँले भन्नु भयो -‘हामिले सुनिल बानियाँबाट चामल खरिद गरेका हौं । उत्पादन  मिति हेरेनौं । क्वरोनटाइनमा रहेका व्यक्तिहरुले बताउनु भएपछि जानकारी भयो । चामल खानयोग्य नभएको भन्ने जानकारी भएलगत्तै नयाँ चामल ल्याएर दिइएको र व्यापारी सुनिल बानियाले पनि बेतालमाडौंमा रहेका व्यापारी मानबहादुर धामीसँग खरिद गरेउको वडा अध्यक्ष थापाको भनाइ छ ।
बुढीगंगा नगरपालिकाका प्रमुख दिपकबिक्रम शाहले  म्याद सकिएको चामल बिक्री गर्ने व्यापारीलाई कार्वाही गरिने बताउनु भयो ।
प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपानेले आफूलाई यसविषयमा कुनै जनाकारी नभएको बताउनु भयो ।
स्थानीय तहले तयार गरेका १८ ओटा क्वारेन्टाइनमा २ सय ३९ जना बस्दै आएको भएपनि हालसम्म सम्बन्धित निकायले क्वारेन्टाइन अनुगमन गरेका छैनन् ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** विश्वव्यापी महामारीका रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउने उद्धेश्यले समान पहुँच विकास केन्द्र (सिड) नेपालले आदर्श र सायल गाउँपालिकालाई स्वास्थ्य सामग्री सहयोग हस्तान्तरण गरेको छ । वल्ड भिजन इन्टरनेशनल नेपालसँगको साझेदारीमा सिड नेपालले सञ्चालन गरिरहेको टाकेडा हेल्थ भिलेज परियोजना अन्तर्गत आदर्श गाउँपालिकामा र मातृ तथा बाल स्वास्थ्य र पोषण परियोजना अन्तर्गत सायल गाउँपालिकामा स्वास्थ्य सामग्री सहयोग गरिएको सिड नेपाल डोटीका अध्यक्ष शेर बहादुर मल्लले जानकारी दिनु भयो ।
सिड नेपालले स्वास्थ्यकर्मीहरुका लागि आवश्यक सर्जिकल ग्लोब्स, विभिन्न खालका मास्कहरु र सेनिटाइजर लगाएतका सामग्री सहयोग हस्तान्तरण गरेको आदर्श गाउँपालिकामा स्वास्थ्य शाखा प्रमुख बमबहादुर खड्काले बताउनु भयो ।
**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**